नेपाल सरकार

## उद्योग मन्त्रालयको सूचना

नेपाल सरकारले नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ को दफा १० को उपदफा (१) र दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन भएको मितिले पैतिस दिनबाट लागू हुने गरी नेपालमा निम्न वस्तुहरुको स्पेसिफिकेशन नेपाल गुणस्तर परिषदबाट निर्धारित गुणस्तर बमोजिम हुनपर्ने गरी तोकेको छ।

| सि.नं | नेपाल गुणस्तर परिषदबाट निर्धारित गुणस्तर | बस्तु |
|---|---|---|
| १. | ने.गुण./आई.एस.ओ. ११११९-१<br>ने.गुण./आई.एस.ओ. ११११९-२<br>ने.गुण./आई.एस.ओ. ११११९-३ | कम्पोजिट ग्याँस सिलिण्डर तथा ट्युव्स । |
| २. | ने.गुण. ३४४ | पि.भि.सी. केवल । |
| ३. | ने.गुण. ५३० | एल.पि.जि. रेगुलेटर । |
| ४. | ने.गुण. ३७४ | भल्व फिटिङ्गस । |

**आज्ञाले**
**कृष्ण ज्ञवाली**
**नेपाल सरकारको सचिव**

नेपाल सरकार

## कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको सूचना १

नेपाल सरकारको मिति २०६९।११।१० को निर्णयानुसार नेपाल र विदेशी राज्य बीच पारस्परिक कानूनी सहायता आदान प्रदान गर्नको लागि पारस्परिक कानूनी सहायता अध्यादेश, २०६९ को दफा ६ को उपदफा (१) को प्रयोजनको लागि कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयलाई नेपाल सरकारको केन्द्रीय अधिकारी तोकेको छ।



C २१

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।